# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २८. अकं १, फागुन/चैत्र २०७८ Feb/Mar 2022


## उद्योग वाणिज्य संघ-चितवनको ५५ औं वार्षिक साधारण सभा तथा अधिवेशन सम्पन्न

उद्घाटन सत्र

उद्योग वाणिज्य संघ-चितवनको ५५ औं वार्षिक साधारण सभा २०७८ फागुन २८ गते शनिबार दियाले फुडल्यान्ड नारायणगढको सभाहलमा सम्पन्न भएको थियो । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष श्री चन्द्रप्रसाद ढकाल प्रमुख अतिथि रहनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष श्री राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न साधारण सभामाको समउद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि ढकालले चितवनमा पर्यटन पुर्वधार विकाश गर्न सके विश्वकै पर्यटकको आर्कषणको केन्द्र विन्दु बन्न सक्ने बताउनु भयो । उहाँले चितवन पर्यटनको उच्च सम्भावना वोकेको जिल्ला भएकोले सोहि अनुसार योजनालाई प्राथामिकतामा पार्नुपर्ने जोड दिनुभयो । उहाँले कोभिड १९ र युक्रेन युद्धले अर्थतन्त्रमा नकरात्मक प्रभाव पारेकोले त्यसको सामना गर्न सरकारले बेलैमा सोच्नुपर्ने बताउनु भयो । महासंघका पुर्व कोषध्यक्ष तथा उर्जाविद ज्ञानेन्द्रलाल प्रधानले विरगंज काठमाण्डौं रेल्वे योजनालाई छिट्टै कार्यान्वयनमा ल्याउनुपर्ने बताउनु भयो । रेल्वे सेवा संचालन भएमा इन्धन लगाएतका अतिआवश्यक खर्चमा समेत कमि आएर अर्थतन्त्र सुधारमा सहयोग पुग्ने बताउनु भयो ।




उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष राजु श्रेष्ठले स्वागत मन्तब्य व्यक्त गर्दै चितवनलाई आर्थिक केन्द्रको रुपमा विकास गर्न काम थाल्न सरकारको ध्यानाकर्षण गराउनु भयो । कार्यक्रममा उहांले चितवन जिल्ला सम्पूर्ण तवरले उर्वर भूमी रहेकोले कृषि , शिक्षा , स्वास्थ्य , पर्यटन र औद्योगिक विकासका लागि केन्द्रिय सरकारले कार्यक्रम ल्याउन माग गर्नुभयो । राष्ट्रिय सहकारी वोर्डका अध्यक्ष एवं उद्योग वाणिज्य संघ चितवनका

...बाँकी ३ नं. पेजमा

## उद्योग वाणिज्य संघ-चितवनको पद हस्तान्त्रण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको २०७८ फागुन २८ र ३० गते सम्पन्न ५५ औं वार्षिक साधारण सभा तथा अधिवेशनबाट निर्वाचित हुनुभएका पदाधिकारी एवम् कार्यसमितिलाइ पदहस्तान्तरण एवम् सपथ ग्रहण कार्यक्रम चैत २ गते संघको सभाहलमा सम्पन्न भएको थियो । पद हस्तान्त्रण एवं शपथ ग्रहण कार्यक्रमा नव निर्वाचित कार्यसमितिले शपथ लिनुभएको थियो । कार्यक्रममा प्रमुख निर्वाचन अधिकृत राजकुमार श्रेष्ठले सम्पुर्ण निर्वाचित कार्यसमितिलाई शपथ ग्रहण गरानुभएको थियो । शपथ ग्रहण पछि संघका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले नवनिर्वाचित अध्यक्ष श्रेष्ठलाई आफुले लगाएको व्याच लगाईदिएर कुर्चिमा राख्नुभएको थियो । कार्यक्रमा नवनिर्वाचित अध्यक्ष चुननारायण श्रेष्ठले अग्रजहरुको सल्लाह लिएर सामुहिक रुपमा कार्यसमितिलाई अगाडी बढाउने बताउनु भयो । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष श्रेष्ठले उद्योग वणिज्य संघ-चितवनको लक्ष्य


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

# उद्योग वाणिज्य संघ-चितवन

## लक्ष्य (Mission)

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

## परिकल्पना (Vision)

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

## गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।




वा उद्देश्यअनुसार सबै एकजुट भएर अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । चितवनको आर्थिक र सामाजिक रुपान्त्रका लागि पूँजीबजारमा देखिएका समस्याहरु समाधान गर्न महत्वपुर्ण भुमिका खेल्नेछौ उहांले बताउनु भयो । उहाँले देशको आर्थिक रुपमा देखिएको चुनौतिहरुलाई अवसरको रुपमा लिदै अगाढी बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सोही कार्यक्रमा संघका पुर्व अध्यक्ष महेन्द्रलाल प्रधानले नवनिर्वाचित अध्यक्ष लगाएत मुख्य पदमा सर्वसम्मत नेतृत्व छान्न सक्नु सबैमा जित भएको बताउनु भयो । उहाँले भन्नुभयो सर्वसम्मत नेतृत्व छान्ने काम नै हाम्रो प्राथमिकता हो ।इतिहासमा भएका कतिपय गल्तीहरु सच्चिने भएको छ । उहाँ व्यवसायीहरु समयलाई ख्याल गर्दै निकै मितव्ययी बनेर राजनितिक दलहरुको अगाडी पनि उदाहरणीय बनेर अगाडी बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पुर्व अध्यक्ष सहनलाल प्रधानले नवनिर्वाचित कार्यसमितिलाई शुभकामना मन्तव्य दिदै उद्योग वणिज्य संघ-चितवनको एक दशक पछि निर्विरोधरुपमा अध्यक्षको चयन गर्न सफल भएको बताउनु भयो । कार्यक्रमा अध्यक्ष राजु श्रेष्ठले स्वागत गर्दै चितवनको आर्थिक, समाजिकमात्र नभएर समग्र विकासमा उद्योग वाणिज्य संघ-चितवनले पाइला अगाडी बढाईरहेको विचार व्यक्त गर्नु भयो । कार्यक्रममा उद्योग वाणिज्य संघका पुर्व अध्यक्षहरु के.एल भुषण, देशीराम प्रधान, प्रचण्डलाल प्रधान, रमेशकुमार पिया, डा. तिलचन्द्र भट्टराई, कल्याण जोशी लागाएतको उपस्थिति रहेको थियो ।

## सचिवालयको स्वागत कार्यक्रम

संघको हालै सम्पन्न अधिवेशनबाट निर्वाचित अध्यक्ष, पदाधिकारी एवम् कार्यसमितिलाई संघको सचिवालयले स्वागत गरेको छ। संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरि स्वागत गरिएको हो। संघका कार्यकारी निर्देशक निलबहादुर केसीले स्वागत गर्दै सचिवालय र कार्य समिति विचको सम्बन्ध विगतका दिनहरुमाभैं अझ बढि परिस्कृत र सुमधुर रहने बताउनु भयो। स्वागतग्रहण गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले सचिवालय व्यवस्थापन र सुदृढिकरणमा आफु लागि रहने बताउनु भयो। संघका कार्यकारी निर्देशकको नेतृत्वमा

सचिवालयका सम्पूर्ण कर्मचारीले समितिलाई स्वागत गरेका थिए ।

*...बाँकी*

पुर्व अध्यक्ष मित्रराज दवाडीले सहकारी अभियानमा व्यवसायी लागे स्रोत जुटाउन सहज हुने बताउनु भयो । यसैगरी कार्यक्रमा चितवन उद्योग संघका उपाध्यक्ष युगराज ओस्ती, नेकपा एमाले चितवनका अध्यक्ष रामप्रसाद न्यौपाने, नेपाली काङ्ग्रेस चितवनका सभापती राजेश्वर खनाल, नेकपा समाजवादी चितवका उपाध्यक्ष एवं भरतपुर महानगरपालिकाका प्रवक्ता अरुण पीडित भण्डारीले मन्तव्य राख्नुभएको थियो । सोहि कार्यक्रमा उद्योग वाणिज्य संघ चितवनले प्रत्येक २/२ वर्षमा उत्कृष्ठ आर्थिक पत्रकारीता पुरस्कार, हिरालाल सन्तुदेवी उत्कृष्ठ यूवा उद्यमी पुरस्कार र उत्कृष्ठ कर्मचारी पुरस्कार वितरण गर्दै आईरहेकोमा यस वर्ष उत्कृष्ठ आर्थिक पत्रकारीता पुरस्कारबाट कालिका एफ एम का समचार प्रमुख एवं कारोवार दैनिकका संवाददाता विप्लव काफ्ले नगद ५१,०००/- पुरस्कर सहित सम्मानीत हुनुभएको थियो भने छनोट समितिको संयोजक संघका प्रथम उपाध्यक्ष सुमनकुमार श्रेष्ठ रहनुभएको थियो । हिरालाल सन्तुदेवी उत्कृष्ठ यूवा उद्यमी पुरस्कार वाट चितवन जिल्लामा व्यवसाय गर्दै आउनु भएका कालिका हस्पीटालीटीका प्रवन्धक निर्देश कृष्णप्रसाद सापकोटा नगद १,००,०००/- पुरस्कार सहित सम्मानीत हुनुभएको थियो भने छनोट समितिको संयोजक संघका पुर्वअध्यक्ष कल्याण जोशी रहनुभएको थियो । उत्कृष्ठ कर्मचारी पुरस्कार संघका कार्यलय सहयोगी राजन गुरुङले नगद २५,०००/- सहित पुरस्कृत हुनुभएको थियो भने छनोट समितिको संयोजक संघका दित्तिय उपाध्यक्ष चिरञ्जिवि सुवेदी रहनुभएको थियो । उवासंघ चितवको बरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठले साधारण सभामा उपस्थित प्रमुख अतिथि, अतिथि, पत्रकार एवं सभासदज्यूहरुलाई धन्यवाद सहित उद्घाटन




समारोह समापन भएको घोषणा गर्नुभयो । उक्त कार्यक्रम संघका कार्यकारी निर्देशक निल बहादुर के.सी ले सञ्चालन गर्नु भएको थियो ।

वन्द सत्र

उद्योग वाणिज्य संघ-चितवनको ५५ औं वार्षिक साधारण सभाको दोस्रो सत्र दियाले फुडल्यान्ड नारायणगढको सभाहलमा सम्पन्न भएको थियो । संघका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त साधारण सभामा संघका कार्यकारी निर्देकश निलबहादुर केसीले प्रस्तुत गर्नुभएको बार्षिक प्रगति प्रतिवेदन, वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठले प्रस्तुत गर्नुभएको प्रस्ताव तथा प्रथम उपाध्यक्ष सुमनकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको आ.व. २०७७/०७८ को आय व्यय विवरण एवम् आ.व. २०७८/०७९ को प्रस्तावीत बजेट पारित गरिएको थियो । कार्यक्रममा ५५ औ वार्षिक साधारण सभा एवं अधिवेशनका मूल संयोजक पुर्णिमा श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारीको कार्यविभाजन एवम् सचिवालयको स्वागत कार्यक्रम

उद्योग वाणिज्य संघ-चितवनको नवनिर्वाचित पदाधिकारीको कार्य बिभाजन भएको छ । संघको हालै सम्पन्न ५५ औं वार्षिक साधारणसभा एवम् अधिवेशनबाट निर्वाचित पदाधिकारीहरुको चै त ४ गते पद एवम् कार्यविभाजन भएको हो । संघको सचिवालयमा बसेको कार्यसमितिको पहिलो वैठकले कार्य विभाजन गरेको हो । जस अनुसार संघका निवर्तमान अध्यक्ष राजु श्रेष्ठ स्थानिय निकाय समन्वय एवम् वैदेशिक लगानि प्रबर्द्धन समिति, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ कर तथा राजश्व परामर्श समिति हेर्ने हुनुभएको छ । यसै गरि संघमा हालै निर्वाचित उपाध्यक्षहरुमा प्रथम उपाध्यक्ष चिरञ्जिवि सुवेदी, दित्तिय उपाध्यक्षमा राजेन्द्र ओली र तृतिय उपाध्यक्षमा सिरिष पन्तलाइ आजको कार्यसमितिले पद विभाजन गरेको संघका कार्यकारी निर्देशक निलबहादुर केसीले बताउनुभयो । संघको विधान अनुरुप प्रथम उपाध्यक्षले लेखा तथा आर्थिक प्रशासन, दित्तिय उपाध्यक्षले सचिवालय र तृतिय उपाध्यक्षले वस्तुगत संघ,



क्षेत्रिय संघ एवम् कर्पोरेट विभाग सम्हाल्ने सचिवालयले जनाएको छ । संघको पहिलो बैठकलाई सम्बोधन गर्दै संघका नवनिर्वाचित अध्यक्ष चुननारायण श्रेष्ठले चुनावी माहोलमा जो जसरी निर्वाचित भएता पनि संघमा सबैको आवाज एउटै हुनुपर्ने र नितान्त व्यवसायीक समस्या सम्बोधनमा लाग्नु पर्ने बताउनु भयो । पहिलो वैठकलाई सम्बोधन गर्दै अध्यक्ष श्रेष्ठले संघको गुणस्तर नीति, र उद्देश्य अनुरुपमा कार्य आयोजना गर्ने बताउँदै कार्यकाललाई सफलताका साथ सम्पन्न गर्नका लागि कार्यसमितिबाट रचनात्मक सहयोगको अपेक्षा गरेको बताउनुभयो । कार्यक्रममा संघका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले सहमति र सहकार्यनै सफताको कडि भएको बताउँदै बर्तमान कार्यसमिति सोहि अनुरुप रहने बताउनु भयो । सोहि वैठकलाई सम्बोधन गर्दै संघका पूर्वअध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघका कार्यसमिति सदस्य सहनलाल प्रधानले विभिन्नक्षेत्रबाट प्रतिनिधित्व गरेका व्यवसायीको संलग्नतासहितको समिति भएकोले आ आफ्नो दक्षता , क्षमता र अनुभवलाई संघको हितमा लगाउन अपिल गर्नुभयो । कार्यक्रममा उपस्थित सदस्यहरुले कार्यकाललाई सफलताका साथ सम्पन्न गराउनमा आफुहरु प्रतिवद्ध रहेको बताउनु भएको थियो । संघले लगत्तै बृहत कार्ययोजना तर्जुमा गोष्ठिको आयो जना गरि आगामी २ बर्षको लागि कार्यक्रम तय गरि कार्यान्वयन गरिने संघका अध्यक्ष चुननारायण श्रेष्ठले जानकारी दिनुभयो ।

## चितवन प्रहरी प्रमुख नवराज अधिकारीलाई संघमा स्वागत




उद्योग वाणिज्य संघ-चितवनले २०७८ चैत्र ७ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरि चितवन जिल्ला प्रहरी प्रमुखको स्वागत गरेको थियो । चितवन जिल्लाका लागि नवआगन्तुक प्रहरी प्रमुखको रुपमा आउनुभएका प्रहरी उपरिक्षक नवराज अधिकार ीलाई संघमा स्वागत गरेको हो । स्वागत कार्यक्रममा मन्तब्य व्यक्त गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले विगत लामो समय देखी उद्यमी व्यवसायी र प्रहरी प्रशासन विचको सम्बन्ध सुमधुर रहँदै आएको बताउँदै आगामी दिनहरुमा पनि सम्बन्ध अझ बढि प्रगाढ रहने अपेक्षा ब्यक्त गर्नु भयो । कार्यक्रममा स्वागत गर्नुहुंदै अध्यक्ष श्रेष्ठले चितवन जिल्लाको समग्र विकास लगायत यस जिल्लाको शान्ति सुरक्षाको सवालमा समेत प्रहरी संग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले संघले विकासको सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम स्थानिय प्रशासन, सुरक्षा निकाय , स्थानिय निकाय संग सहकार्य गर्दै अगाडि बढ्ने बताउनु भयो । सोहि कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक नवराज अधिकारीले चितवन जिल्लाको शान्ति, सुरक्षा र अमन चयनमा कुनै कसुर नराख्ने बताउंदै व्यवसायीको तर्फबाट पनि सहकार्यको अपेक्षा राखेको धारणा ब्यक्त गर्नुभयो । स्वागत कार्यक्रममा बोल्दै प्रहरी प्रमुख अधिकारीले आमनागरिकले पनि आफु पनि प्रहरी रहेको अनुभुत गर्दै आफ्नो प्रहरी आफुनै वनि व्यवसाय एवम् आफ्नो सुरक्षामा सचेत रहन अनुरोध गर्नुभयो । सोहि कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ चितवनका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले चितवन जिल्लाको सुरक्षा व्यवस्थापनहोस् वा अपराध न्यूनिकरणका सवालमाहोस उद्योग वाणिज्य संघ चितवनले विगतमा पनि सहकार्य गरेको र आगामी दिनमा समेत सहकार्य गने बताउनु भयो । सोहि कार्यक्रममा मन्तब्य ब्यक्त गर्दै संघका पुर्व अध्यक्ष एवम् नेपाल उद्योग संघका केन्द्रिय अध्यक्ष डा. तिलचन्द्र भट्टराईले चितवन जिल्लामा आर्थिक गतिविधिलाई चलायमान गर नको लागि व्यस्थित एवम् मर्यादित रात्रिकालिन व्यवसाय सञ्चालन

गर्ने आवश्यकता रहेको बताउनु भयो। कार्यक्रममा संघका पदाधिकारी, कार्यसमिति सदस्य विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत १०० जनाको उपस्थिति रहेको संघका कार्यकारी निर्देशक निलबहादुर केसीले बताउनु भयो । संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षता एवम् संघका वरिष्ठ उपाध्यक्ष सुमन कुमार श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको स्वागत कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो । सोहि कार्यक्रममा संघका अध्यक्ष चुननारायण श्रेष्ठले संघका पूर्व अध्यक्ष एवम् नेपाल उद्योग संघका नवनिर्वाचित अध्यक्ष डा. तिलचन्द्र भट्टराईलाई दोसल्ला ओढाई बधाइ ज्ञापन सहित सम्मान गर्नुभएको थियो।

## उवासंघ चितवनको अभिमुखिकरण कार्यक्रम



उद्योग वाणिज्य संघ–चितवनले संघको सचिवालयमा २०७८ चैत्र ९ गते एक दिवसिय अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो । चितवन जिल्लाबाट भारत र तेश्रो मूलुक वस्तु तथा उत्पादन निर्यात गर्ने कम्पनिका प्रमुख एवम् सचिवालयका कर्मचारीहरुलाई लक्षित गरि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रमको औपचारिक उद्घाटन गर्दै संघका प्रथम उपाध्यक्ष चिरञ्जिवि सुवेदीले नेपालको उत्पादन वाह्य बजारमा निर्यात गर्दा उक्त वस्तु नेपालमा उत्पादन भएको हो भन्ने प्रमाणको रुपमा उत्पत्तिको प्रमाण पत्र आवश्यक रहेको बताउनु भयो । कार्यक्रममा उपाध्यक्ष सुवेदीले उद्योग वाणिज्य संघ–चितवनले निर्यात प्रबर्द्धनका लागि चितवन जिल्लाका उद्योग र उद्योगबाट उत्पादन भएका वस्तुहरुलाई वाह्य बजारमा विक्रिवितरण गर्नका लागि अध्ययन गरि छिट्टैनै उत्पादन, आयातकर्ता र निर्यातकर्ता विचको अन्तरक्रियात्मक भेला आयोजना गर्न लागिएको बताउनु भयो । उहांले उत्पादकत्वमा जोड दिई आयातलाई निरुत्साहित गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा संघका तृतिय उपाध्यक्ष सिरिस पन्तले हाल चितवनबाट तेल, वियर, कोक, चाउचाउ मह लगायतका उत्पादन अन्तराष्ट्रिय बजारमा नियार्यत हुने गरेको बताउंदै यसमा बृद्धि हुनुपर्नेमा जोड दिनु भयो सोही कार्यक्रममा संघका कार्यकारी निर्देशक निलबहादुर केसीले नेपाल सरकारले नेपाल उद्योग वाणिज्य महासंघ मार्फत विगत केहि बर्ष देखी उतपत्तिको प्रमाणपत्र निस्कासन गर्नका लागि उद्योग वाणिज्य संघ–चितवनलाई अनुमति दिएको बताउंदै उक्त कार्य सूचना प्रविधिको सदुपयोग गर्दै छिटो, छरितो र समयानुकुल बनाउनका लागि अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । कार्यक्रममा कार्यकारी निर्देशक केसीले उक्त अभिमुखिकरण तालिम पश्चात सचिवालयबाट प्रवाह गर्ने सुविधा चुस्त र छरितो हुने बताउनु भयो। सोही कार्यक्रममा बोल्दै कार्यक्रमका सहजकर्ता नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ अधिकृत मिलभ श्रेष्ठले हालका दिनहरुमा कागजी प्रक्रियालाई निरुत्साहित गर्दै विद्युतिय माध्यमबाट उत्पत्तिको प्रमाणपत्र निस्कासन गर्न लागिएको बताउंदै यस किसिमको कार्यक्रम महत्वपूर्ण हुने बताउनु भयो। कार्यक्रममा विभिन्न कम्पन्किा प्रमुख एवम् प्रतिनिधि, संघका सम्बन्धित कर्मचारी लगायत २० जनाको सहभागिता रहेको संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले जानकारी दिनुभयो । अभिमुखिकरण कार्यक्रममा संघका उपाध्यक्ष सिरिष पन्त कार्यसमिति सदस्य रजनी मास्के, रबिन्द्र कुमार श्रेष्ठ,डा. जीवनकुमार श्रेष्ठ, सन्तोषजनक भुषाल, पूर्णिमा श्रेष्ठको उपस्थिति रहेको थियो ।

## उवासंघ चितवनको अभिमुखिकरण कार्यक्रम







उद्योग वाणिज्य संघ चितवनले २०७८ चैत्र २१ गते पूर्वकार्ययोजना गोष्ठी एवम कर शिक्षा सम्बन्धि अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको थियो । संघले प्रत्येक २ बर्षको अन्तरालमा हुने नेतृत्व परिबर्तन पश्चात २ बर्ष कार्यकालको लागि योजना तर्जुमा गर्न सम्बन्धमा वस्तुगत संघहरु संग पूर्व कार्ययोजना तर्जूमा गोष्ठीको आयो जना गरेको हो । संघले संघमा आवद्ध रहेका ३६ वस्तुगत संघहरुको सहभागितामा योजना तर्जुमा गोष्ठीको आयोजना गरेको हो । गोष्ठीलाई सम्बोधन गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले वस्तुगत संघबाट प्राप्त सुझावहरुलाई मध्येनजर राख्दै संघले आगामी २ बर्षको लागि तयार गर्नै योजनामा राखिने बताउनु भयो । उहांले वस्तुगत संघहरुले आफ्ना सदस्यहरुको माग र आवश्यकतालाई मध्येनजर राख्दै कार्यक्रम चयन गर्न अनुरोध गर्नुभयो । कार्यक्रममा अध्यक्ष श्रे



ष्ठले कार्यक्रमहरु संघको गुणस्तर निति संग मेल खाने हुनुपर्ने बताउंदै प्राप्त सुझावहरुलाई लिपिबद्ध गरि योजनामा राखिने बताउनु भयो । सोही कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले यो जना छनौट गर्दा त्यसको उपदेयिता र आयोजना गर्न सकिने मात्र कार्यक्रमलाई छनौट गर्नुपर्ने बताउनु भयो । कार्यक्रममा संघका पूर्व अध्यक्ष कल्याण जोशीले वस्तुगत संघले कार्यक्रम छनौट गर्दा आफुले गर्न नसक्ने तर उद्योग वाणिज्य संघ मार्फत गर्न मिल्ने कार्यक्रम मात्र छनौट गर्न अनुरोध गर्नुहूदै कार्यक्रमको सफलताको कामना गर्नुभयो । गोष्ठीमा आफ्नो मन्तब्य राख्दै संघका उपाध्यक्ष एवम वस्तुगत संघ समन्वय समितिका संयोजक सिरिष पन्तले यस बर्षको संघको कार्ययोजनामा प्राथमिकताको आधारमा सके सम्म सबै वस्तुगत संघका कार्यक्रमलाई समेटिने बताउनु भयो । संघमा आवद्द ३६ वटा वस्तुगत सघबाट प्रत्येका वस्तुगत संघका ३ जना सहभागी रहेको उक्त कार्यक्रममा संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सहजीकरण गर्नु भएको थियो । कार्यक्रममा विभिन्न वस्तुगत संघका करिब १०० जनाको सहभागिता रहेको थियो । कार्यक्रम भमनपा २९ स्थित अशोका रिशोर्टमा सम्पन्न भएको हो । कार्यक्रममा संघका पदाधिकारी, वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

## कर सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनले पूर्व योजना तर्जुमा गोष्ठिको अवसर मा कर शिक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम समेत सम्पन्न भएको थियो । ३६ वटा वस्तुगत संघका प्रतिनिधको उपस्थितिमा उक्त कार्यक्रम आयोजना गरिएको हो । अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष चुननारायण श्रेष्ठले व्यवसायीले कर तिर्नु दायित्व भएको तर कर तथा राजश्व व्यवसायीक हित र प्रबर्द्धनमा समेत खर्च गरिनुपर्नै धारणा राख्नु भयो । उहांले सरकारले लिएका कर सम्बन्धि नया नीती, छुटको व्यवस्था लगायतका बिषयमा व्यवसायीलाई जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनु भयो । सोही कार्यक्रममा बोल:दै आन्तरिक राजश्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत घनश्याम पन्थीले करदाता सरकारले दिएका छुट र दिएका अवसरका बारेमा अनभिज्ञ हुंदा जटिलता सिर्जना हुने गरेको बताउनु भयो । उहांले कर प्रशासन र कर निती

व्यवसायी मैत्री रहेको बताउदैं जटिलता सिर्जना भएमा सहजीकरणको लागि आफु सहयोगका लागि सदैव तत्पर रहेको बताउनु भयो । सोही कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष सुमन कुमार श्रेष्ठले कर शिक्षा सम्बन्धि कार्यक्रमहरु आन्तरिक राजश्व कार्यालयको समन्वयमा आगामी दिनहरुमा निरन्तर गरिने बताउनु भयो । कार्यक्रममा आन्तरिक राजश्व कार्यालय भरतपुरका कर अधिकृत विष्णु बहादुर राउतले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो। संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठको धन्यवाद ज्ञापन तथा अध्यक्ष चुननारायण श्रेष्ठको धन्यवाद ज्ञापन सहित सम्पन्न भएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।




Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
"A Home After Your Home"

## नारायणगढ बजारको मिति २०७८ चैत्र २८ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ३२०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ३४०० |
| ३. साना मंसुली | प्रति क्वि. | २६०० |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | २५०० |
| ५. धान मोटो नया | प्रति क्वि | २४०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | ६००० |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ६५०० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५० |
| ९. मकै | प्रति क्वि. | ४७ |
| १०. गहुँ | प्रति क्वि. | ३५ |
| ११. कोदो | प्रति क्वि. | ४८ |
| १२. फापर | प्रति क्वि. | ८५ |
| १३. चना | प्रति के.जी. | १०५ |
| १४. केराउ | प्रति के.जी. | १२० |
| १५. भटमास | प्रति के.जी. | १३० |
| १६. रहर दाल | प्रति के.जी. | १६० |
| १७. मसुरी दाल | प्रति के.जी. | १५५ |
| १८. मासको दाल | प्रति के.जी. | १५५ |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १५० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ८४ |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ८३ |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | |
| घ. क्याटल फिड | प्रति के.जी. | |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | २६ |
| २१. प्याज | प्रति के.जी. | ३२ |
| २२. तोरीको तेल | प्रति १० ली. | ३००० |
| २३. भटमासको टेल | प्रति १० ली. | २९०० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | २८०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ४५० |
| २७. मरिच | प्रति के.जी. | |
| २८. धनियाँ | प्रति के.जी. | २५० |
| २९. क. सुन | प्रति तोला | १००८०० |
| ख. चाँदी | प्रति तोला | १३९५ |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | |
| ख. २६ गेज | प्रति वण्डल | |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १३८ |
| ख. ८ मि.मि. | प्रति के.जी | १३३।५० |
| ख. १० मि.मि. | प्रति के.जी | १३० |
| ग. १२ मि.मि. | प्रति के.जी | १३० |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ७७५ |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७७५ |
| ख. निर्माण सिमेन्ट PPC | प्रति बोरा | ६०० |
| ग. निर्माण सिमेन्ट OPC | प्रति बोरा | ७०० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४५० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | ३०० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ८०० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | ४०० |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ३६० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ८५ |
| ख. दही | प्रति लि. | ११५ |
| ग. पनिर | प्रति के.जी. | ८०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | ९५० |
| च. घ्यू | प्रति के.जी. | १२०० |
| छ. खुवा | प्रति के.जी. | १००० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

**प्रापक :**

.................................................................

.................................................................

.................................................................

.................................................................

.................................................................

.................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०